# इसहाक –याकुब




सारा १२० वर्षसम्म बाँचिन् र उनी कनान देशमा मरिन् ।
अब्राहामको लागि यो ठूलो विलापको समय थियो ।


परमेश्वरले अब्राहामलाई उनी र उनको सन्तानहरूले पछि कनान देश अधिकार गर्नेछन् भनी प्रतिज्ञा गर्नुभएको भएतापनि अब्राहाम हेब्रोनमा बसोबास गर्ने हित्तीहरूकहाँ पुगे ।
तपाईंहरूका बीचमा म एउटा प्रवासी मात्र भएतापनि मेरो मृतकलाई गाड्न मलाई एउटा ठाउँ चाहिएको छ ।


तपाईं हाम्रो बीचमा एउटा शक्तिशाली शासक हुनुहुन्छ, हामीसँग भएको सबैभन्दा असल चिहान रोज्नुहोस् ।
हामी तपाईंलाई इन्कार गर्ने छैनौं
तपाईंहरू इच्छुक हुनुहुन्छ भने, कृपया एप्रोनसित बिन्ती गरि दिनुहोस् कि उनको खेतको छेवैमा रहेको मक्पेलाको ओडार उनले मलाई बेचून् । म पूरै दाम तिर्नेछु ।


एफ्रोन अगाडि आए......
मेरा प्रभु, म तपाईंलाई त्यो खेत र त्यसमा भएको ओडार पनि दिन्छु। तपाईं आफ्नो मृतकलाई त्यहाँ गाड्न सक्नुहुन्छ।
म खेतको पूरै दाम तिर्नेछु।
जमिनको दाम त ४०० सिक्का हो तर तपाईं र मेरो बीचमा त्यो के हो र ?
अब्राहामले दाम तिरे र त्यो जमिन उनको अधिकारमा पक्कासित दर्ता भयो।
प्रतिज्ञाको देशमा अब्राहामको पहिलो टुक्रा जमिन त्यही थियो जहाँ तिनले आफ्नी पत्नीलाई गाडेका थिए।
अब्राहाम आफ्नी प्रिय पत्नीको निम्ति शोकमग्न भए। उनको साथमा अब्राहामले परमेश्वरको अद्भुत प्रतिज्ञा इसहाकको रुपमा अनुभव गरेका थिए।



उत्पति २३:१४-२०


एलिजर, मेरो विश्‍वासयोग्य दास, मेरो कुरा ध्यानसित सुन।
म अहिले १३० वर्ष पुगेँ र चाँडै मेरा जनहरूकहाँ मिल्न गइरहेको छु।
मेरा छोराको लागि अहिलेसम्म पत्नी पाइएको छैन।
तेरो हात मेरो तिघ्रामुनि राख् र यो शपथ खा कि तैंले कनानीहरूको बीचबाट मेरो छोराको लागि पत्नी ल्याउनेछैनस्।
तर मेरै देशमा मेरै कुटुम्बहरूकहाँ गएर मेरो छोराको लागि पत्नी ल्याउनू।
म त्यता जान राजी छु तर मालिक यदि त्यो स्त्री मेरो पछि लागेर आउन इच्छा गरिन भने नि?
के मैले तपाईंको छोरालाई त्यही देशमा लैजाने?
होइन। परमेश्‍वरले यो देश म र मेरा सन्तानहरूलाई दिनेछु भनी शपथ खानुभएको छ। उहाँले आफ्नो दूत तेरो अघि अघि पठाउनुहुनेछ।
त्यो स्त्री तेरो पछि आउन इच्छा गरिन भने तँलाई मेरो यो शपथ लाग्नेछैन।


मेसोपोटामियामा पर्ने अब्राहामको देश ४५० माइलको दूरीमा थियो । एलिजर परमेश्वरको निर्देशन र योजनामाथि निर्भर हुँदै यात्रामा निस्क्यो ।
मेरा मालिक अब्रामका परमेश्वर, आज मेरो काममा सफलता दिनुहोस् ।
प्रभु, यस्तो होओस् कि जुन कन्यालाई म " तिम्रो गाग्रो मतिर पानी पिउनलाई ढल्काइदेऊ" भनुँला, उसले मलाई " खानुहोस्, म तपाईंका उँटहरूलाई पनि खुवाइदिन्छु" भनोस्......
अनि यसैबाट तपाईंले मेरा मालिक अब्राहामलाई दया देखाउनुभएको छ भनी म जान्नेछु ।
कृपा गरी, तिम्रो गाग्रो बाट मलाई अलिकति पानी पिउन देऊ ।


पिउनुहोस् हजूर, र म हजूरको ऊँटहरूका निम्ति पनि पानी उघाएर दिनेछु ।
अब्राहामका परमेश्‍वर, साँच्चि नै तपाईंले हाम्रो प्रार्थनाको उत्तर दिनुभएको छ ।
मलाई भन, तिमी कसकी छोरी हौ ? के तिम्रा बुबाको घरमा हामीलाई डेरा गर्नलाई बस्ने ठाउँ छ ?
म नाहोरबाट मिल्काले जन्माएका बतुएलकी छोरी हुँ
परमप्रभु मेरा मालिक अब्राहामका परमेश्‍वर धन्यका होऊन् ।
तपाईंले मेरा मालिकका आफन्तहरूको घरसम्मै ल्याइदिनुभयो ।
नाहोर अब्राहामका भाइ थिए, त्यसैले रेबेका र इसहाकका बाबुहरू दाजुभाइहरू थिए ।






उत्पत्ति २४:२८-३३


परमेश्वरले मेरा मालिक अब्राहामलाई आशिष दिनुभएको छ । उहाँसित प्रशस्त मात्रामा भेडाबाख्राहरू, गाइवस्तु, चाँदी, सुन, ऊँट, गधा र कमारा कमारीहरू छन् ।
तर उहाँसित एउटै कुराको कमी छ.....
उहाँले बूढेसकालमा पाउनुभएको छोरा इसहाकको लागि कुनै पत्नी छैन ।
मेरा मालिकले उहाँ छोराको लागि उहाँकै कुटुम्बबाट पत्नी ल्याउन मलाई शपथ खान लगाउनुभएको थियो । त्यसैले म यति टाढाबाट यात्रा गरी आएको हुँ ।
उहाँले भन्नुभयो, "जुन परमप्रभुको सामु म हिँडडुल गर्दछु, उहाँले नै तेरो यात्रा सफल तुल्याउनुहुनेछ"
"मैले परमप्रभुलाई भनेँ किन जसलाई उहाँले छान्नुभएको छ उनले यसो भन्नुपर्नेछ , "पिउनहोस्, र म तपाईंका ऊँटहरूलाई पनि पानी उघाइदिनेछु"
अब, यदि तपाईंले मेरा मालिकलाई दया र सत्यताको व्यवहार गर्नुहुन्छ भने मलाई भन्नुहोस् ।
होइन भने पनि मलाई भन्नुहोस्, र म दाहिने देब्रे जता हुन्छ लागुँला ।



यो त परमप्रभुबाटै हुन आएको हो ।
मेरी छोरी रेबेका तपाईंका मालिकको छोराकी पत्नी हुनका निम्ति तपाईंसँग जान सक्छे ।
परमेश्वरको नाउँको प्रशंसा होस् जसले मेरो मालिकलाई सफलता दिनुभयो ।
एलिजर र सँगै आएका दासहरूले रिबेका र उनको परिवारको निम्ति दामी उपहारहरू निकाले ।
अब म खानेछु र हामी तपाईंको घरमा रात बिताउनेछौँ ।





उत्पत्ति २६:५४-६१






उत्पत्ति २४:६२-६७


साराको मृत्युपछि अब्राहामले केतूरा नाम गरेकी अर्की स्वास्नी ल्याए र तिनले अब्राहामबाट छोराहरू जन्माइन् ।
तर, उनले आफू जीवित छँदै आफ्ना उपपत्नीहरू तथा तिनीहरूका छोराहरूलाई दानहरू दिएर पठाइदिए र आफूसँग भएका सबै थोक चाहिँ इसहाकको निम्ति छोडे ।
एलिजर, एलिजर, हाम्रा मालिक अब्राहाम, उहाँ बित्नुभयो ।
अब्राहाम १७५ वर्षसम्म बाँचे र उनका छोराहरू इसहाक र इश्माएलले उनलाई गाडे ।
तिनीहरूले उनलाई मक्पेलाको ओडारमा उनकी पत्नी सारासित गाडे ।
परमेश्वरले अब्राहामसित प्रतिज्ञा गर्नुभए झैं इश्माएलका १२ छोराहरू थिए जो आआफ्नो कुलका शासक भए ।
तिनीहरू आजको अरब जातिका पुर्खा थिए
अनि परमेश्वरले इसहाकलाई आशिष दिनुभयो र परमेश्वर उनीसित हुनुहुन्थ्यो ।

उत्पत्ति २५:१-१०



रिबेकाले सन्तान पाउन सकेकी थिइनन् तर जब इसहाकले प्रार्थना गरे, तब तिनी गर्भवती भइन् ।
जब तिनको गर्भभित्र बच्चाहरू लडन्त लड्न थाले, रिबेकाले प्रभुसित सोधिन्....
मेरो गर्भभित्र के भइरहेको छ ?
तिम्रो गर्भमा दुईवटा जातिहरू छन् र दुई प्रकार का मानिसहरू तिम्रो गर्भबाटै छुट्टिनेछन् ।
एक जना अर्कोभन्दा बलवान् हुनेछन् र जेठाले कान्छाको सेवा गर्नेछ ।
हेर त, तिम्रो पहिलो छोरो, रातो वर्णको रहेछ अनि शरीरभरि रौँ नै रौँ रहेछ ।
उसको नाउँ एसाव १ राखिनेछ ।
१ एसाव भन्नाले रौँ भएको भन्ने बुझिन्छ तर उनलाई एदोम पनि भनिन्थ्यो जसको अर्थ हुन्छ, रातो ।
हेर त उसको भाइ आउँदैछ....लौ दाइको कुर्कुच्चा पो पक्रेको छ त उसले ।
उसलाई याकूब भनिनेछ । २
२ याकूबको अर्थ कुर्कुच्चा पक्रने वाला वा छल गर्ने भन्ने हुन्छ ।


एसाव मैदानमा डुलिहिँड्ने र एउटा निपुण शिकारी थिए।
तर, याकूब पालमा बस्ने शान्त स्वभावका थिए।
छोरा, तैँले ल्याउने शिकारको मासु मलाई खूबै मन पर्छ।
इसहाकले एसावलाई माया गर्थे भने रिबेकाले चाहिँ याकूबलाई र उनको शान्त स्वभावलाई मन पराउँथी।
भोकले भाउन्न छुटिसक्यो। तिमीले पकाइरहेको त्यो रातो सुरुवा मलाई अलिकता खान देऊ न।
हुन्छ, तर तिमीले मलाई आफ्नो ज्येष्ठ अधिकार बेच्नुपर्छ।
म त भोकले मर्नै आँटिसकेँ, मलाई यो ज्येष्ठ अधिकारको के काम।
मसँग कसम खाऊ।
म कसम खान्छु, मलाई खान देऊ अब।
यो ज्येष्ठ अधिकार आफ्नो पैत्रिक सम्पत्तिको दोब्बर अंश पाउने तथा परिवारको प्रमुख एवं पूजाहारी हुने अधिकार थियो।
एसावले ज्येष्ठ अधिकारको महत्व तथा मूल्यलाई कदर गर्न असफल भए।


जब त्यस देशमा अनिकाल पर्‍यो, तब मिश्र देशमा नजानू भनी परमेश्वरबाट चेताउनी पाएर इसहाक पलिस्तीहरूका राजा अबिमेलेककहाँ गए ।
यही देशमा बसोबास गर् र तेरो बाबु अब्राहामसित प्रतिज्ञा गरेअनुसार म तँलाई सबै थोक दिनेछु ।
तेरा सन्तानहरू आकाशका ताराहरू झैँ असंख्य हुनेछन् र तेरा सन्तानहरूद्वारा पृथ्वीका सबै जातिहरूले आशिष पाउनेछन्
र तिमीसित भएको स्त्री नि ?
ऊ मेरी बहिनी, मसितै यात्रा गर्दैछिन् ।
इसहाकले पनि अब्राहामले गरे जस्तै गल्ती गरे । परमेश्वरले तिनीहरूको हेरचाह गर्नुहुन्छ भनी उनले परमेश्वरमा भरोसा गरेनन् ।
?!?
तिमीले हामीसित गरेको यो के हो ?
हाम्रा मानिसहरूमध्ये कुनैले तिम्री पत्नीसँग कुकर्म गर्दो हो त तिमीले हामीमाथि दोष ल्याउने थियौ ।
यी स्त्री त साँच्चि नै तिम्री पत्नी हुन् ।
देशभरि यो उर्दी जारी गर : इसहाक र उनकी पत्नीलाई कसैले हानि नगरून् । यदि कसैले अवज्ञा गरेमा, तिनीहरूको ज्यान जानेछ ।



उत्पत्ति २६:१-११


तर, परमेश्वरले इसहाकलाई पलिश्तीहरूको देशमा यति आशिष दिए कि अबिमेलेकले उनलाई त्यहाँबाट निस्केर जान आज्ञा दिए ।
तर स्थानीय गोठालाहरूले पानीको मूललाई लिएर इसहाकसित झगडा गरे ।
अन्त्यमा उनले एउटा इनार खने र त्यसमा चाहिँ कसैले उनीसित झगडा गरेनन् र त्यसलाई उनले "रहाबोत", नाम दिए कारण परमेश्वरले उनलाई बस्ने ठाउँ दिनुभएको थियो ।
फेरि, परमेश्वर उनीसित बोल्नुभयो र उनलाई नडराऊ भनेर भन्नुभयो ।
उहाँ इसहाकसित हुनुहुन्थ्यो र उनका सन्तानहरूलाई उहाँले बढाउन लाग्नुभएको थियो ।
मसित दुश्मनी गरेर पनि अबिमेलेक मैकहाँ पो आउँदैछन् ।
हामीले प्रष्टै देखेका छौं कि परमप्रभु तपाईंसित हुनुहुन्थ्यो र हामी डराएका थियौं ।
हामीले तपाईंलाई सधैँ राम्रै व्यवहार गर्‍यौं, त्यसैले अब हाम्रो बीचमा एउटा शान्तिको सम्झौता होस् ।
हामी एक अर्कासित एउटा शपथसहितको बाचा बाँधौं ।
आफ्ना छिमेकीहरूसित इसहाकको मिलाप थियो तर आफ्नो परिवारभित्र भने थिएन ।
एसावले आफ्ना मानिसहरूका बीचबाट विवाह गर्न मानेका थिएनन् । उनले नजिकैको मूर्तिपूजक जातिहरूबाट दुई श्रीमतीहरू ल्याएका थिए जुन इसहाक र रिबेकाको लागि पीडाको विषय भएको थियो ।


हेर् म बूढो भएँ र मेरो दृष्टि पनि कमजोर भएको छ। मलाई मेरो मर्ने दिन पनि थाहा छैन।
मेरो लागि शिकार मारेर मलाई मन पर्ने मासु ल्या र म मर्नुअघि म तँलाई आशिष दिनेछु।
तेरो बुवाले एसावलाई शिकारको मासु ल्याउन अह्राएको र उसलाई आशिष दिने कुरा गरेको मैले भर्खरै सुनें।
दुईवटा पाठाहरू मकहाँ लिएर आइज् र तेरो बुवाले मन पराउने किसिमले म तरकारी बनाउँछु।
अनि त्यसलाई तेरो बुवाकहाँ लिएर जा र उहाँबाट आशिष थाप्।
एसाव दाजुको त शरीर भरि रौँ नै रौँ छन् तर म त रौँविनाको मानिस हुँ।
यदि उहाँले मलाई छुनुभयो भने मलाई सराप्नुहुनेछ।
मैले भनेअनुसार गर् र श्राप चाहिँ मै माथि परोस्।




उत्पत्ति २७:१४-२५


छोरो, नजिक आइज् र मलाई म्वाइ खा ।
आहा...मेरो छोराको बास्ना परमप्रभुले आशिष दिनुभएको खेतको बास्ना जस्तो छ
तँलाई पृथ्वीको प्रचुरता र आकाशको शीत मिलोस् ।
जाति जातिहरूले तेरो सेवा गरून् र तँलाई दण्डवत् गरून् ।
तँलाई सराप्नेहरू सबै श्रापित होऊन् र तँलाई आशिष दिनेहरू सबैले आशिष पाऊन् ।


तपाईंलाई मन पर्ने शिकार मारेर म आएको छु, बुवा । म आशिष थाप्न तयार छु ।
तँ को होस् नि ?
तपाईंको जेठो छोरो एसाव ।
तब अघि मासु लिएर आउने को हो त ?
मैले त्यसलाई आशिष दिइसकेँ, अब त्यही आशिषित हुनेछ ।
बुवा, मलाई पनि आशिष दिनुहोस् ।
तेरो भाइ छल गरेर आयो र तैँले पाउने आशिष लगिहाल्यो ।
त्यसको नाउँ याकूब राखिएको के ठीकै हो इन ?
त्यसले मलाई दुई पल्ट ठगिसक्यो, पहिले मेरो ज्येष्ठ अधिकार हर्‍यो र अहिले चाहिँ आशिष ।
मलाई पनि आशिष दिनुहोस्....मेरो लागि एउटै पनि आशिष जगेडा राख्नुभएको छैन ?
तेरो... बसोबास चाहिँ आकाशको शीत र पृथ्वीको प्रशस्तपानाबाट बाहिर हुनेछ ।
तैँले तरवारको बलले जीविका चलाउनेछस् र तेरो भाइको सेवा गर्नेछस् ।
तर..तँ व्याकुल भइसकेपछि तैँले त्यसको जुवा आफ्नो काँधबाट भाँचेर फयाँक्नेछस्


तेरो तरवार अझ कति बढी उध्याउँछस् । धेरै रगत बगाउने यो जना बनाइरहेको जस्तो छ नि तैंले ।
होइन, त्यो छली याकूबको मात्रै हो ।
तर, त्यो त तेरो भाइ हो ।
अब होइन । उसले मलाई छलेको यही अन्तिम पटक हुनेछ ।
छिटो तेरो सामानहरू जम्मा गर् । म तँलाई मेरो भाइ लाबानकहाँ पठाउँदैछु ।
तेरो दाइले बदला लिने योजना बनाउँदै गरेको खबर मकहाँ आइपुगेको छ ।
पछि, इसहाकको पालमा......
एसावका हित्ती स्वास्नीहरूदेखि म त, हैरानै भइसकैं ।
यदि याकूबले पनि त्यहाँबाट स्वास्नी ल्याउने भए म नबाँचे पनि भयो ।
याकूबलाई मकहाँ पठाइदे ऊ ।
छोरा, तँ पद्दन आरामतर्फको यात्रामा जा र त्यहाँ तेरो मामा लाबानका छोरीहरूमध्ये एउटीलाई विवाह गर् ।
परमप्रभुले तँलाई आशिष देऊन्, तेरा सन्तानको वृद्धि गरून् र तेरा सन्तानहरूले अब्राहामलाई प्रतिज्ञा गरिएको देश अधिकार गरून् ।


मेरा पिताको घरमा तैँले शरण लिनू ।
के गर्नुपर्ने हो, मेरो भाइ लाबानले तँलाई देखाउनेछ ।
मेरा कनानी स्वास्नीहरूलाई उनीहरूले मन पराउँदै नन्.... मैले ज्येष्ठ अधिकार त्यागेकोमा मैले तिर्नुपर्ने क्षतिपूर्ति शायद यही होला ।
आफ्नो बाबुको आज्ञा मानेर याकूब आफ्नो मामाघर हारानतर्फको यात्रामा गए ।
आफ्नो दाइ एसावबाट भागेर त्यस ठाउँमा उनले सहारा खोजे र आफ्नो लागि सुहाउँदो पत्नी पाउने आशा गरे ।
एसावले तेस्रो पत्नी ल्याए र उनीचाहिँ उनको काका इश्माएलको छोरी थिए । शायद उनले आफ्नो आमाबाबुलाई एउटा नयाँ इच्छापत्रको लागि मनाउन खोज्दै थिए ।
सुत्नका लागि भनेर याकूब एउटा ठाउँमा रोकिए र एउटा ढुङ्गालाई सिरानी बनाए ।


म परमप्रभु तेरा पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ ।
तेरा सन्तानहरू पृथ्वीको धूलोसरह हुनेछन्....
तँ र तेरा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशिषित हुनेछन् ।




उत्पत्ति २८:१२-१५






उत्पत्ति २८:१६-२२




पद्दन अराम
रिबेकाको परिवारको देश
साथीहरू, तपाईंहरू कहाँका हुनुहुन्छ ?
हामीहरू हारानका हौँ ।
के तपाईंहरू नाहोरका नाति लाबानलाई चिन्नुहुन्छ ?
तिनलाई हामी चिन्छौँ ।
के उहाँ सन्चै हुनुहुन्छ ?
अँ, सन्चै हुनुहुन्छ ।
उ…उनकी छोरी राहेल यतै आउँदैछिन्
म तिम्रो नातेदार हुँ, तिम्रो बुबाको बहिनीकी छोरो ।
मसित आउनुस् न । मेरा बुबा निकै खुशी हुनुहुनेछ ।
बुबा, तपाईंको भान्जा आउनुभएको छ ।


तिमी हामीसित बसेको पनि एक महिना भइसक्यो । नातेदार हो भन्दैमा तिमीले मेरो सेवा सित्तैमा गर्न मिल्दैन नि ।
तिम्रो ज्याला कति होस् त ?
मलाई त तपाईंकी छोरी राहेल चाहिन्छ ।
... तपाईंको सात वर्ष सेवा गरेको सट्टामा
त्यसलाई अरू कोहीसँग विवाह गरिदिनुभन्दा त तिमीलाई दिनु नै असल हो ।
मैले सात वर्ष काम गरिसकेँ, अब राहेल मेरी हो ।
सहमति भएअनुसार
याकूबले राहेललाई यति प्रेम गर्थे कि सात वर्ष पनि तिनलाई थोरै दिन जस्तो लाग्यो ।



लाबान
तपाईंले त मलाई धोका दिनुभयो । जोसित म सुतेँ, त्यो राहेल नभई उसकी बहिनी ले आ रहेछ ।
हाम्रो ठाउँमा जेठीलाई भन्दा पहिले कान्छीलाई दिने चलन छैन ।
लेआसँग एक साता पूरा गर र अर्को सात वर्ष मेरो सेवा गरेको सट्टामा म तिमीलाई कान्छी पनि दिनेछु ।
अन्ततः लाबानका दुवै छोरीहरूले याकूबबाट सन्तानहरू जन्माए ।
तिनीहरूले सन्तान पाउन नसकेका समयहरूमा चाहिँ तिनीहरूले जिल्पा र बिल्हालाई सन्तान जन्माउन याकूबकहाँ पठाउँथे ।
याकूब आफ्नी आमाको देशमा समृद्ध हुँदै गए र उनका ११ छोराहरू तथा दिना नाम गरेकी एक छोरी थिए ।


राहेलले युसुफलाई जन्माएपछि, याकूब आफ्नो ससुराकहाँ गए ।
मलाई मेरा पत्नीहरू, छोराछोरीहरू र मेरो सम्पत्ति दिनुहोस् ताकि म आफ्नो घर फर्कन सकूँ ।
मलाई थाहा भएको छ कि परमप्रभुले तिम्रो खातिर मलाई आशिष दिनुभएको छ । तिमीलाई कति ज्याला चाहियो, भन ।
मेरो देखरेखमा तपाईंका थोरै गाईवस्तु बढेर भीड भएको छ ।
अब त मैले आफ्नै घरबार सम्हाल्नुपर्छ ।
म तिमीलाई के दिऊँ त ?
मलाई सबै भैंडा, बाख्राहरूमध्येबाट छिर बिरे र टाटेपाटे अनि थुमाहरूमध्येबाट काला जति अलग गर्न दिनुहोस् ।
यही नै मेरो ज्याला हुनेछ र यदि अरु कुनै मेरो बगालमा भेट्टाइएमा हामी दुवैले यसलाई चोरी गरिएको भनी मान्नेछौँ ।
हुन्छ, सहमत
लाबानले छोराहरूलाई आफ्नो बगालबाट यी जनावरहरू छुट्ट्याउन लगाए र तीन दिनको बाटो पर पुर्‍याउन लगाए ।


तथापि, याकूबसित एउटा योजना थियो ।
उनले बोक्रा छिलेको हाँगाहरू लिएर त्यसलाई बगालले पानी खान आउने ठाउँमा राखिदिए र बगालका भाले पोथी त्यहीं गाभिनी हुन्थे ।
तर उनले बलिया जनावरको लागि मात्र यस्तो गरे ।
दुब्ला जनावारहरूलाई चाहिँ उनले लाबानको लागि राखे ।
र याकूबका बगालहरू अत्यन्तै बढ्न थाले
उनका धेरै धेरै भेँडा बाख्रा, ऊँट, गधा र नोकर चाकरहरू भए । उनी अत्यन्तै समृद्ध भए ।
हाम्रा बहिनीहरूको श्रीमानूले सबै लैजान आँटिसके । यी सबै हाम्रै हुन्थिए ।
के गर्ने हो, म हेरूँला ।


तिम्रो बुबा र भाइहरूको मप्रतिको व्यवहार फरक भएको छ ।
तिम्रो बुबाले मेरो ज्याला दश पल्ट बदलेका छन्, तापनि परमेश्वरले उनको बगालबाट लिनुभएर मेरो मा थप्नुभएको छ ।
उहाँले मप्रति गर्नुभएको सबै व्यवहार परमेश्वरले देख्नुभएको छ । म आफ्नै देश फर्केको परमेश्वर चाहनुहुन्छ ।
बुबाको घरमा हाम्रा निम्ति हकको केही अंश छैन र हामी त यहाँ पराई जस्तै गनिएका छौँ ।
परमेश्वरले तपाईंलाई जे गर्नू भन्नुभएको छ , सो गर्नुहोस्, हामी तपाईंसित छौँ ।
लाबान आफ्ना भेँडाको ऊन कत्रन गएको बेलामा याकूब आफूसँग भएको सबै लिएर भागे ।
तर राहेलले आफ्ना बाबुका घर देवताहरू चोरेर लगिन् ।



उत्पत्ति ३१:२-२१


बुबा, नोकरहरूले खबर ल्याएका छन् कि तीन दिन अघि नै याकूब हाम्रा बहिनीहरू र उनसित भएका सबै लिएर भागिसके ।
बुबा, नोकरहरूले खबर ल्याएका छन् कि तीन दिन अघि नै याकूब हाम्रा बहिनीहरू र उनसित भएका सबै लिएर भागिसके ।
त्यति धेरै बगालका साथमा भागेका छन् । हामी तिनीहरूलाई भेट्टाउन सक्नेछौं ।
होशियार, तैँले याकूबलाई असल कि खराब केही पनि नभन् ।
तिम्रो बुबाले हामीलाई भेट्टाइ छाड्यो ।
मेरो बुबा साह्रै हठी मानिस हुनुहुन्छ ।
तिमीहरू किन मलाई धोका दिएर यसरी भागेका ?
तिमीहरूले मेरा नाति नातिनीहरूलाई बिदाईको म्वाई पनि खान दिएनौ ।
तिमीप्रति दयालु हुन तिम्रा परमेश्वरले मसित बोल्नुभएको छ ।
तपाईंले आफ्ना छोरीहरूलाई जबरजस्ती मबाट खोसेर लैजानुहुन्छ भनी मलाई डर लागेको थियो
तिमीले यो साह्रै मूर्ख काम गर्‍यौ ।
तिमीले मेरा घर देवताहरू पनि चोर्‍यौ
मेरो पालभित्र गएर मेरा सबै सम्पत्तिहरूको खोजतलास गर्नुहोस् अनि आफ्नो शंका दूर गर्नुहोस् न ।
राहेलले ती चोरेकी हुन् भनी याकूबलाई थाह थिएन ।






उत्पत्ति ३१:३३-५५


घरतर्फ यात्रामा एक रात याकूबले परमेश्वरका दूतहरूलाई भेटे ।
यसले परमेश्वर उनीसित हुनुहुन्छ भन्ने कुरा उनलाई याद गरायो र त्यस ठाउँलाई उनले दुई छाउनी नाउँ दिए ।
हामी अघि अघि जाऊ र मेरा भाइ एसावसित कुरा गर ।
उसलाई भन कि म लाबान मामासँग रहेको थिएँ र मैले आशिषको रूपमा धेरै धेरै गधा, गाईवस्तु, नोकरचाकरहरू पाएको छु । म उहाँको दृष्टिमा निगाह पाउन चाहान्छु ।
केही दिनहरू पछाडि.....
हामी तपाईंका दाजु एसावकहाँ गयौं, र अहिले उहाँ तपाईंलाई भेट गर्न ४०० मानिसहरूसहित आउँदैछन् ।
यो त राम्रो खबर भएन....दुई दलहरूमा राम्ररी मिलाउन मलाई सहायता गर । सबै बगाल र झुण्डलाई हामी दुई भाग गर्नेछौं
यदि मेरो भाइले एक दललाई आक्रमण गर्‍यो भने पनि अर्को दल त उम्कन सक्ला
परमप्रभु, तपाईंले मसित प्रतिज्ञा गर्नुभएको सम्झना गर्नुहोस् कि म समृद्ध हुनेछु र मेरा सन्तानहरू समुद्रको बालुवासरह हुनेछन्.....
भोलि, एक झुण्ड बाख्रा, अनि भैंडा, अनि गाई र गधाहरू लिएर जाऊ । बथान बथानका बीचमा केही खाली ठाउँ राख ।
जब तिमीहरू नजिकै आइपुग्छौ, तब तिमीहरूले यसो भन, "यी सबै तपाईंका दास याकूबका हुन् र हजूर का लागि सौगात हुन् । याकूब चाहिँ पछिपछि आउँदैछन्"


याकूबले सबैलाई खोलापारि पठाए र
आफू चाहिँ एक्लै छोडिए।


याकूबले सबैलाई खोलापारि पठाए र
आफू चाहिँ एक्लै छोडिए।
धेरैले विश्वास गर्छन् कि त्यो व्यक्ति स्वयं
येशू ख्रीष्ट भेटघाट गर्न आउनुभएको हो।


बिहान सबेरै त्यस मान्छेले याकूबको जाँघको जोर्नीलाई छोए र उनको जाँघको जोर्नी खुस्क्यो।
उज्यालो हुन लाग्यो। मलाई जान देऊ।
जबसम्म तपाईंले मलाई आशिष दिनुहुन्न, तबसम्म म तपाईंलाई जान दिनेछैनँ।
अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्रायल हुनेछ किनभने तिमीले परमेश्वर र मानिसहरूसित लडन्त लड्यौ अनि विजयी भयौ।


र याकूबले त्यस ठाउँको नाउँ पनिएल राखे जसको अर्थ हुन्छ, परमेश्वरको मुहार किनकि परमेश्वरलाई आमने सामने देखेर पनि उनी बाँचेका थिए।



भाइ, लामै समयपछि भएपनि आखिर मैले तिमीलाई देख्न पाएँ ।
अनि यिनीहरू चाहिँ को हुन् नि ?
परमेश्वरले हजूरको दासलाई अनुग्रह गरी दिनुभएका मेरा बालबच्चा हुन् ।
पहिले कमारीहरू र तिनका छोराछोरीहरू नजिक आएर एसावलाई ढोग गरे ।
त्यसपछि लेआ र तिनका छोराछोरीहरू
र अन्त्यमा याकूब, राहेल र युसूफ आए ।


तिमीले पठाएका यी सबै बथानको अर्थ के हो नि ?
हामी नराम्रो गरी छुट्टिएका थियौं, त्यसैले हजूरको कृपा पाउनलाई हो ।
भाइ, मलाई के ही चाहिँदैन, मसित प्रशस्त छ ।
मेरो आग्रह छ । हजूरको अनुहार देख्न पाउनु मलाई परमेश्वरको अनुहार देखे को बराबर भएको छ ।
मबाट यो सौगात हजूरले ग्रहण गर्नैपर्छ ।
तिमी कर गर्छौ भने तिम्रो हातको यो सौगात म ग्रहण गर्छु ।
अब, हामी अघि बढौं । म तिमीलाई साथ दिनेछु ।
हामी सत्तैनौँ
केटाकेटीहरू कलिलै छन् र यी दुहुना भेँडी बाख्री र गाईहरूको कारणले हामी बिस्तारै हिँड्नुपर्छ ।
मेरा केही मानिसहरू तिमीलाई साथ दिन म छोडिराख्छु नि ।
किन र ? हजूरको निगाह मात्र ममाथि रहोस् ।
कनानमा, याकूबले हमोरका छोराहरूबाट एक टुक्रा जमिन किने ।




उत्पत्ति ३३:८-२०


एकदिन याकूबका छोरी दिना त्यस देशका स्त्रीहरूसँग भेट गर्न गइनु, त्यहाँ हमोरका छोरा शेकेमको दृष्टि उनीमाथि पऱ्यो ।
दिनालाई हमोरकहाँ ल्याइयो र उनले जबर्जस्ती दिनासित सहवास गरे ।
दिना, छोरी, के भयो तँलाई ?
मेरो छोरा शेकेम तपाईंको छोरीदेखि मोहित भएको छ । उसले उनीसित विवाह गर्न चाहान्छ ।
उसले उनलाई बिटुलो पारेको छ ।
उसले गरेको यो काम घिनलाग्दो छ ।
तर उसको मन उनीप्रति आसक्त भएको छ । कृपया...हजुरहरू यहीँ बस्नुहोस् र हामीसित बिहेबारी गर्नुहोस् ।
हामी हाम्रो बहिनी खतना नभएको व्यक्तिलाई दिन सक्तैनौँ ।
तपाईंका सहरका सबै पुरुषहरूको पनि हाम्रो जस्तै खतना हुनुपर्छ ।






उत्पत्ति ३४:१८-३१


परमेश्वरको अगुवाईअनुसार याकूब बेथेल फर्के जहाँ उनले एसावलाई भेट्नअघि परमेश्वर उनीकहाँ देखा पर्नुभएको थियो ।
हामीले सबै विदेशी देवताहरूलाई मिल्काइदिनुपर्छ र परमेश्वरको अगाडि आफूले आफूलाई शुद्ध पार्नुपर्छ ।
याकूबसित भएका सबै मानिसहरूले आआफ्ना सुनका कुण्डल र मूर्तिहरू उनलाई दिए र याकूबले त्यसलाई बेथेलमा गाडिदिए ।
आफूकहाँ प्रकट हुनुहुने परमेश्वरको आराधना गर्न याकूबले एउटा वेदी बनाए र परमेश्वरको त्रास वरिपरिका सहरहरूमा फैलियो र कसैले तिनीहरूलाई खेदेनन् ।
उनले त्यस ठाउँको नाम बेथेल (परमेश्वरको घर) राखे किनभने परमेश्वरले उनलाई त्यहीँ बोल्नुभएको थियो ।

उत्पत्ति ३५:१-१५






उत्पति ३५:१६-३७ :१